लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

तौलिहवा, कपिलवस्तु ।

आ.व. ०८२/८३
चलानी नं. ९६८

मिति: २०८२/०९/३०

श्री सबै सामुदायिक क्याम्पसहरू अर्घाखाची/कपिलवस्तु

विषय :- सामुदायिक क्याम्पसहरूलाई प्रस्तावना पेश गर्ने सन्बन्धी सुचना ।

प्रस्तुत बिषयमा शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका (देउखुरी) नेपालको प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०९/३० को सूचना बमोजिम लुम्बिनी प्रदेश भीत्र सञ्चालीत सामुदायिक क्याम्पसहरूलाई प्रस्तावना पेश गरेको आधारमा नमुना सामुदायिक क्याम्पस विकास तथा सामुदायिक क्याम्पसका लागी सहयोग कार्यक्रमका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले सामुदायिक क्याम्पसहरूले कार्यक्रमको विस्तृत विवरण र कार्यान्वयन योजना सहीत सञ्चालक समितीको निर्णय समेत संलग्न राखी यसै साथ संलग्न निर्देशनालयको सूचना बमोजिम को ढाँचामा सूचना प्रकाशित भएको १५ दिन भित्र यस सामाजिक विकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघि आएका प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा अनुरोध छ ।

.................................
तिलक राम पौडेल
वरिष्ठ अधिकृत (साप्र.)

Email-sddokapilvastu2019@gmail.com सम्पर्क:०७६-५९०६६५/९८५७०५००१३,१४

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र सं.:- २०८२/०८३
च.नं.:-

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०९।३०)

## सामुदायिक क्याम्पसहरुलाई प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना !

प्रस्तुत विषयमा यस निर्देशनालयको आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पसहरुलाई प्रस्तावना पेश गरेको आधारमा नमुना सामुदायिक क्याम्पस विकास तथा सामुदायिक क्याम्पसका लागि सहयोग कार्यक्रमका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले यस प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पसहरुले कार्यक्रमको बिस्तृत विवरण र कार्यान्वयन योजना सहित सञ्चालक समितिको निर्णय समेत संलग्न गरी निम्न ढाँचामा रहि सूचना प्रकाशित भएको १५ दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयहरुमा प्रस्ताव पेश गर्नुहुन जानकारी गराइन्छ । म्याद नाघि आएको प्रस्ताव उपर कुनै कारवाही नहुने बेहोरा समेत अनुरोध छ ।

प्रस्तावको ढाँचा

१. क्याम्पसको नाम :-
२. क्याम्पसको ठेगाना :-
३. जनशक्ति विवरणः (सबै प्रकृति खुल्नेगरी)
४. क्याम्पसको जग्गा विवरण:-
   १. लालपूर्जा भएको जग्गाको क्षेत्रफल:-
   २. भोगाधिकार भएको जग्गाको क्षेत्रफल:-
५. भौतिक अवस्था
   १. खेल मैदान:- (छ) (छैन)
   २. कक्षा कोठा:- संख्या उल्लेख गर्ने
   ३. पठनपाठनमा प्रयोग भएका कक्षा कोठा संख्या:-
   ४. अन्य प्रयोजनमा प्रयोग भएका कोठा संख्या:-
   ५. अन्य कोठा:-
   ६. सभाहलः (छ) (छैन)
   ७. चमेनागृहः (छ) (छैन)
   ८. प्रयोगशाला:- (छ) (छैन) (असान्दर्भिक)
   ९. पुस्तकालय:- (छ) (छैन)
   १०. कम्पाउन्ड वाल:- (छ) (छैन)
   ११. शौचालय : छात्र छात्राको लागि अलग अलग वा संयुक्त छ उल्लेख गर्ने
६. विद्यार्थी संख्या गत ३ वर्षको संकायगत र तहगतको अलग विवरण पेश गर्ने
७. विद्यार्थी नतिजा गत ३ वर्षको संकायगत र तहगतको अलग विवरण पेश गर्ने

| शैक्षिक सत्र | नतिजा |
|---|---|
| १. | |
| २. | |
| ३. | |

८. दलित, मुस्लिम, मुक्त कमैया,कम्लहरी,अल्पसंख्यक समुदायको विद्यार्थी संख्या :-

**माथि उल्लिखित विवरणको अतिरिक्त देहायको ढाँचामा प्रस्ताव: (नमुना सामुदायिक क्याम्पसका लागि)**

१. क्याम्पसको संक्षिप्त पृष्ठभुमी
२. क्याम्पसका विविध पक्षको विश्लेषण (सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति)
३. दुरदृष्टि, लक्ष्य, उद्देश्य
४. नमुना सामुदायिक क्याम्पस विकासको योजना
५. रणनीति र क्रियाकलाप
६. अनुसन्धान र नव प्रवर्तन
७. पारदर्शिता र जवाफदेहिता
८. अनुमानित लागत :-
९. क्याम्पसले व्यहोर्ने लागत सहभागिता रकम :-
१०. कार्यान्वयन योजना
११. अपेक्षित नतिजा उल्लेख:-
१२. जोखिमहरु उल्लेख गर्ने:-
१३. निष्कर्ष :-

**माथि उल्लिखित विवरणको अतिरिक्त देहायको ढाँचामा प्रस्ताव: (अन्य सामुदायिक क्याम्पसका लागि)**

१. क्याम्पसको संक्षिप्त पृष्ठभुमी
२. क्याम्पसका विविध पक्षको विश्लेषण (सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति)
३. दुरदृष्टि, लक्ष्य, उद्देश्य
४. माग गरिएको कार्यक्रमको नाम:
५. अनुमानित लागत :-
६. क्याम्पसले व्यहोर्ने लागत सहभागिता रकम :-
७. कार्यान्वयन योजना
८. निष्कर्ष :-

प्रस्चाव पेश साथ संलग्न गर्नु पर्ने कागजातहरु

क) क्याम्पस सञ्चालक समितिको निर्णय,
ख) लेखा परीक्षणको प्रतिवेदन
ग) पूर्णकालिन शिक्षकको नियुक्तिको छाँयाप्रति,
घ) क्याम्पसको जग्गाको लालपूर्जा वा भोगाधिकार पाएको भए सो सम्बन्धी पत्र।

हरिलाल अर्याल
नि.महानिर्देशक

श्री सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश (राप्ती उपत्यका), देउखुरी (उल्लिखित सूचना तहाँको वेव साइटमा समेत प्रकाशन गरिदिनु हुन अनुरोध छ।

श्री सामाजिक विकास डिभिजन कार्यालय (सबै), लुम्बिनी प्रदेश : उल्लिखित सूचना तहाँको वेव साइटमा समेट प्रकाशन गर्नुका साथै विधिबत रुपमा प्राप्त हुन आएका प्रस्तावहरु रुजु गरेर, विवरण तयार गरी प्रमाणित प्रति र softcopy समेत यस निर्देशनालयमा पठाउनुहुन।